लोक सेवा आयोग

# बीमा समिति, प्रशासन, सहायक प्रथम पदको
# प्रतियोगितात्मक लिखित परीक्षा

२०७३।९।२७

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **कार्यालय व्यवस्थापन तथा लेखा**

| |
|---|
| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । परीक्षार्थीले अंग्रेजी वा नेपाली अथवा दुवै माध्यमबाट उत्तर दिन सक्नेछन् । |

## खण्ड (क) : कार्यालय व्यवस्थापन — ५० अङ्क

१. दर्ता चलानी भनेको के हो ? दर्ता र चलानी फारामको नमूना बनाउनुहोस् । ३+२=५

२. फाइलिङ्ग भन्नाले के बुझिन्छ ? फाइलिङ्गमा पञ्जिकाको आवश्यकता स्पष्ट पार्नुहोस् । २.५+२.५=५

३. परिपत्र र टिप्पणीबीच के फरक छ ? उदाहरणसहित प्रष्ट पार्नुहोस् । ५

४. कार्यालय व्यवस्थापनमा टेलिफोन ह्याण्ड्लिङ्ग तथा जनसम्पर्क गर्दा ध्यान दिनुपर्ने कुराहरू लेख्नुहोस् । ५

५. कार्यालय व्यवस्थापन भन्नाले कुन कुन विषयलाई बुझाउँछ ? यस अन्तर्गतका मुख्य कार्यहरू उल्लेख गर्नुहोस् । २.५+२.५=५

६. एउटा कार्यालयको सहायक प्रथमस्तरको कर्मचारीले कार्यालयको कर्मचारीहरूको बैठक (Staff Meeting) सञ्चालन गर्दा के-कस्तो तयारी गर्नुपर्ला ? चरणवद्ध रूपमा उल्लेख गर्नुहोस् । ५

७. प्रत्यक्षरूपमा सेवा प्रवाह गर्ने सार्वजनिक निकायमा के कस्तो नेतृत्व शैली (Leadership style) किन उपयोगी मानिन्छ ? लेख्नुहोस् । ५

८. कार्यालयको सञ्चालन र व्यवस्थापनमा नियन्त्रण र अनुगमन किन आवश्यक पर्दछ ? यी दुई बीचको भिन्नताको आधारमा संक्षेपमा चर्चा गर्नुहोस् । ५

९. कार्यालयको प्रभावकारी सञ्चालन र व्यवस्थापनमा कार्यालय प्रमुख र मातहत कर्मचारीबीच के कस्तो सम्वन्ध हुनु आवश्यक छ ? स्पष्ट गर्नुहोस् । ५

१०. भर्ना (Recruitment) भन्नाले कुन कुन कार्यलाई बुझाउँछ ? छोटकरीमा चिनारी गराउँदै सकारात्मक भर्ना तथा नकारात्मक भर्नाका भिन्नतालाई स्पष्ट पार्नुहोस् । २.५+२.५=५

## खण्ड (ख) : लेखा — ५० अङ्क

११. शुन्यमा आधारित बजेट भन्नाले के बुझिन्छ ? उल्लेख गर्नुहोस् । ५

१२. लेखा सम्वन्धी सफ्ट्वेयर भनेको के हो ? यस्ता सफ्ट्वेयरहरूको प्रयोग बढ्दै गइरहेको परिप्रेक्ष्यमा सफ्ट्वेयर छनोट गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् । ५

१३. Captial Budgeting का हाल प्रचलनमा रहेका Techniques के के हुन् ? लेख्नुहोस् । ५

१४. दोहोरोश्रेस्ता प्रणालीका आधारभूत सिद्धान्तहरू उल्लेख गर्नुहोस् । ५

क्रमश : ......

लोक सेवा आयोग

# बीमा समिति, प्रशासन, सहायक प्रथम पदको

# प्रतियोगितात्मक लिखित परीक्षा

२०७३।९।२८

पत्र : तृतीय
समय : ३ घण्टा                                                                 पूर्णाङ्क : १००

## विषय : बीमा (Insurance)

| |
|---|
| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । परीक्षार्थीले अंग्रेजी वा नेपाली अथवा दुवै माध्यमबाट उत्तर दिन सक्नेछन् । |

### खण्ड क                                                                 ५० अङ्क

१. बीमाको उत्पत्ति कसरी भएको हो ? छोटकरीमा लेख्नुहोस् । ५

२. नेपालमा बीमा व्यवसायको थप विकास गर्न के गर्नुपर्ला ? सुझाव दिनुहोस् । ५

३. बीमा ऐन, २०४९ अनुसार बीमाङ्कीको जीवन बीमामा के भूमिका रहन्छ ? स्पष्ट गर्नुहोस् । ५

४. बीमा दावी पश्चात् क्षतिपूर्ति निर्धारणमा सर्भेयरको के कस्तो स्थान रहेको हुन्छ ? लेख्नुहोस् । ५

५. नेपालमा राष्ट्रिय बीमा संस्थान स्थापना हुनु अगाडि बीमा क्षेत्रमा प्रमुख रूपमा कुन कुन बीमा कम्पनीहरू क्रियाशील थिए ? लेख्नुहोस् । ५

६. नेपालमा विद्यमान् जीवनबीमा व्यवसाय मात्र गर्ने बीमक कम्पनीहरूको परिचय गराउनुहोस् । ५

७. सामुद्रिक बीमाको सर्न्दभमा निर्जीवन बीमाको महत्त्वबारे चर्चा गर्नुहोस् । ५

८. बीमा ऐन, २०४९ बमोजिम बीमक दर्ता सम्वन्धी व्यवस्थाहरू के के छन् ? लेख्नुहोस् । ५

९. "अर्थतन्त्रको विकासमा बीमाले महत्त्वपूर्ण भूमिका खेल्दछ" भन्ने भनाइको पुष्ट्याँइ गर्नुहोस् । ५

१०. नेपालमा कार्यरत जीवन बीमा कम्पनी कतिवटा छन् ? तिनको शेयर स्वामित्वको हिसावले स्वदेशी/विदेशी र संयुक्त लगानीमा विभाजन गरी उल्लेख गर्नुहोस् । ५

### खण्ड ख                                                                 ५० अङ्क

११. बीमा क्षेत्रमा कुन कुन पेशालाई मध्यस्थकर्ता भनिन्छ ? तिनको कार्य छोटकरीमा उल्लेख गर्नुहोस् । ५

१२. बीमा समितिको नियमनकारी भूमीकाबारे उल्लेख गर्नुहोस् । ५

१३. बीमा हुनका लागि जोखिमका के कस्ता विशेषता हुनुपर्दछ ? बुँदागत रूपमा लेख्नुहोस् । ५

१४. बीमा व्यवसायमा परम्सद्विश्वासको सिद्धान्त (Principle of Utmost Good Faith) लाई किन महत्त्वपूर्ण रूपमा लिइन्छ ? प्रकाश पार्नुहोस् । ५

१५. बीमक र बीमितबीच बीमा दावी सम्वन्धी विवाद उत्पन्न भएमा उजुरी गर्ने निकाय कुन हो ? उल्लेख गर्नुहोस् । ५

१६. बीमा व्यवसायमा सर्भेयरको आवश्यकता सम्बन्धी चर्चा गर्नुहोस् । ५

१७. बीमायोग्य हित (Insurable Interest) भन्नाले के बुझिन्छ ? उदाहरणसहित लेख्नुहोस् । ५

१८. बैंकिङ्ग क्षेत्र र बीमा क्षेत्रको अन्तरसम्वन्धको बारेमा छोटो चर्चा गर्नुहोस् । ५

१९. बीमा व्यवसायको हालसम्मको उपलव्धीबारे संक्षिप्त टिप्पणी गर्नुहोस् । ५

२०. जीवन बीमा, निर्जीवन बीमा र पुनर्बीमा कम्पनीको प्रमुख कार्य प्रकृति तथा यस्को आवश्यकता छोटकरीमा दर्शाउनुहोस् । ५

:: समाप्त ::